# दुर्गा भगवती गाउँपालिका
# आर्थिक वर्ष २०८२/०८३
# को
# नीति तथा कार्यक्रम

**आदरणीय सभाध्यक्षज्यू ,**
**प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिधि, अतिथिहरु,**
**प्रमुख प्रशासकिय अधिकृत, गाँउ सभाका सदस्यहरु,**
**पत्रकारहरु, सुरक्षा कर्मीहरु, कर्मचारी वर्गहरु, शिक्षक, बुद्धिजिवि, भद्रभलाद्मी, महिला सज्जनवृन्द ।**

सर्वप्रथम् राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा संघीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने संकल्प सहित भएका बलिदान पूर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रर्दा सुमन अपर्ण गर्दछु ।
यस दुर्गा भगवती गाउँपालिका गाउँ सभा एघारौं अधिवेशन तथा नवौं बजेट अधिवेशनको प्रथम बैठकमा  उपस्थित हुनु हुने गाउँ सभाको उपाध्यक्ष, अधिवेशनमा सम्बोधनका लागि आतिथ्यता ग्रहण गर्नु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिधि, अतिथिहरु, र गाउँ सभाको यस नवौं बजेट अधिवेशनको बैठकमा उपस्थित गाउँ सभा सदस्यहरु तथा गाउँ सभा सचिव प्रमुख प्रशासकीय अधिकृत र दर्शक दिर्घामा उपस्थित पत्रकारहरु, सुरक्षा कर्मीहरु, कर्मचारी वर्गहरु, शिक्षक, बुद्धिजिवि, भद्रभलाद्मी, महिला सज्जनवृन्द सम्पुर्णमा  दुर्गा भगवती गाउँपालिका गाउँ सभाको तर्फबाट र म मेरो व्यक्तिगत तर्फवाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीयतह गरी तीनतहको व्यवस्था गर्नुको सथै राज्यशक्तिको प्रयोग तीनै तहबाट संविधान र कानुन बमोजिम हुने व्यवस्था गरको छ। स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा नेपालको संविधानको धारा २२८ र २२९ बमोजिम आर्थिक कानून बनाउने, बार्षिक वजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाउने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यकम तयार गर्ने क्रममा हामी गाउँ सभाको नवौं बजेट अधिवेशनमा उपस्थित भएका छौ । जनताको प्रतिनिधिले सार्वभौमिकताको प्रयोग गर्ने यस गरिमामय गाउँ सभाको नवौं बजेट अधिवेशनको पूर्वतयारी र क्रियाशिलताकालागि सम्पुर्ण कर्मचारी तथा गाउँ सभा सदस्यहरुले गर्नु भएको सहयोगका लागी धन्यबाद दिन चाहन्छु ।

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४, मधेश प्रदेशले बनाएको कानुन समेतको अनुसरण गर्दै नेपालको संविधान धारा ५७ तथा धारा ५७ को उपधारा (४) बमोजिम र अनुसूचि ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकार सूचिमा उल्लखित विषयहरुमा प्रतिवद्ध भई कार्यान्वयन गर्न उत्सुकताका साथ लागि पर्ने वाचा गर्दछु ।

नेपालको संविधान, स्थानीय तहको वर्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४ , अन्तर सरकारी वित्त व्यवस्थाप ऐन, २०७४ , राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ ले गरेका व्यवस्था र संघीय अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार तथा आर्थिक मामिला तथा योजना मन्त्रालय (मधेश प्रदेश) ले गरेका निर्देशन तथा परिपत्र हरुको आधार, महालेखा परिक्षकको प्रतिवेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव निर्देशन समेतलाई कार्यान्वयन गर्दै पारदर्शिता र सुशासनको प्रत्यभूत गर्न यो नवौं बजेट अधिवेशन सफल हुनेमा विश्वस्त छु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिमको स्थानीय तहले गर्नुपर्ने काम, कर्तव्य र अधिकार भित्र रही यस दुर्गा भगवती गाउँपालिका स्थापना भएको ७ वर्ष सम्ममा यस गाउँपालिकाले केही उपलब्धी हासिल गरिरहेको मा चालु आ.व.२०८१/०८२ मा त्यसमा केही थप उपलब्धीमा का साथै शुसासनको क्षेत्रमा जन अपेक्षित कार्य गर्नमा केही सफलता प्राप्त भएको छ । जसलाई क्षेत्रगत विकासमा प्राप्त उपलब्धी र चुनौती निम्नानुसार उल्लेख गर्न चाहन्छु ।

**क. आर्थिक विकास क्षेत्र :**

आ.व. २०८१/०८२ मा आर्थिक विकास तर्फ उद्यमशिलता तालिम संचालन गरी गाउँका युवा महिलाहरुलाई उद्यम शिप प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ । कृषि क्षेत्रको विकासमा टेवा पुऱ्याउन कृषिमा लागत कम गरी किसानहरुलाई व्यवसायिक कृषि गरी आत्म निर्भर हुन सकुन भनि सिंचाईको प्रबन्ध गर्न कृषि मिटरमा लाग्ने विद्युत शुल्कमा सतप्रतिशत अनुदान दिइएको छ र स्मार्ट कृषि मिटरको जडान र विस्तार गर्ने कार्यका सथै स्यालो ट्यूवेल (बोरिङ) जडान गरी सिंचाईको भरपर्दो व्यवस्था गर्ने प्रयासको कारण कृषि उत्पादनमा वृद्धि भएको छ। सहकारी संस्था गठन र परिचालन गर्ने कार्य शुरु गरिएता पनि पूर्णता दिन सकिएको छैन । गाउँपालिकाको ६० प्रतिशत भन्दा बढी नागरिकहरुको आयस्रोत न्यून भएको कारण आन्तरिक आयस्रोत वृद्धि गर्न सकिएको छैन ।

**ख. सामाजिक विकास क्षेत्र :**

यस गाँउपालिकाको शिक्षा, स्वास्थ्य, महिला विकास लगायतका क्रियाकलापमा विशेष ध्यान पुऱ्याइएको छ । विद्यालय भर्ना दर, विद्यालयमा बालबालिका लाई टिकाई राख्न दिवा खाजाको उचित व्यवस्थापन, बालमैत्री पठनपाठन, प्रविधियुक्त विद्यालय निर्माण कार्यमा विशेष जोड दिएको छ र सामुदायिक विद्यालयमा यसको अपेक्षित उपलब्धीको रुपमा सामुदायिक विद्यालयमा अभिभावकहरुको विश्वास बढ्दै गएको छ र विद्यार्थी संख्यामा वृद्धि भएको छ। स्वास्थ्य तर्फ प्रादेशिक ल्याबको संचालन, स्वास्थ्य संस्थाको पूर्वाधार निर्माणको शुरुवात भएको छ। जिल्लाका कतिपय स्थानीय तहमा आयुर्वेदिक अस्पताल छैनन् तर हाम्रो गाउँपलिकामा आयुर्वेदिक अस्पताल सञ्चालनमा छ। यसबाट धरै गाउँबासीहरु लाभान्वीत भइरहेका छन्। नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान बाट स्वास्थ्य चौकीहरुमार्फत औषधी जन्य सामग्रीको नियमित

उपलब्धता बर्थिङ्ग सेन्टर व्यवस्थापन गर्भवती जाँचको व्यवस्थामा उपलब्धी मूलक कार्यहरु भएका छन्। गरीब, दलित महिला तथा गृहिणीहरुलाई धुवाँबाट स्वास्थ्यमा पर्ने गम्भिर असरलाई न्यूनिकरण गर्न धूवाँ रहित ग्यास चुलो वितरण गरिएको छ जसले महिलाहरुको स्वास्थ्य जीवनको विभिन्न पाटो मध्ये श्वासप्रश्वास सम्बन्धी रोग लाग्न न्यूनिकरण भएको छ। जसले जनस्वास्थ्यमा समेत सुधार आएको छ । बालविवाहलाई निरुत्साहित गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम तथा बालविवाह रोक्न अभिभावकहरुलाई प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिएको जसको कारण बालविवाहमा उल्लेख्य कमि आएको छ । छोरी संरक्षण कार्यक्रम संचालन गरी लैंगिक भेदभावको जरो उखेल्ने कार्य भएको छ। यी सबै कार्यक्रम सञ्चालनको बाबजुद स्वास्थ्य सेवा, विद्यालय शिक्षा र उद्योग नियमन का साथै नेपाल सरकारले तोके अनुसारका मापदण्डयुक्त भौतिक पूर्वाधार तथा मानव स्रोत साधनको आवश्यक निर्माण तथा व्यवस्थापन गर्नु पर्ने हाम्रो सामु चुनौति रहेको छ।

**ग. पूर्वाधार विकास क्षेत्र :**

चालु आ.व.२०८१/०८२ मा पूर्वाधार विकास तर्फ ग्रामिण सडकहरुको स्तरोन्नती, दलित आवस भवन निर्माण योजनाहरु सञ्चालन भएको भए तापनि एकिकृत वस्ती निर्माण, जग्गा एकिकरण आयोजना सञ्चालन, विद्यालय भौतिक पूर्वाधार निर्माण, स्वस्थ्य संस्थाको भौतिक पूर्वाधार निर्माण, खानेपानीको पूर्वाधार निर्माण, कालोपत्रे सडक विस्तार, रीङरोडको निर्माण, वडाहरुमा विवाह मण्डप वा विवाह सदन, धर्मशालाहरुको व्यवस्थापन, सार्वजनिक निकायको लागि आवश्यक जग्गा व्यवस्थापन, बस पार्क, शहिद पार्क, पालिका स्तरिय पार्क, अतिथि सदन र गाउँपालिकाको प्रशासनिक भवन जस्ता गाउँपालिकाको विकासका लागि अति आवश्यक पूर्वाधारहरु नहुनु गाउँपालिकाको मुख्य चुनौति रहेको छ।

**घ. वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र :**

वागमती नदिको छेउमा रहेको यो पालिका नदि जन्य कटान जस्ता समस्याले उच्च जोखिममा रहेको पालिका मध्ये एउटा पालिका हो, विपद् व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषको स्थापना, विपद् व्यवस्थापन सामाग्रीको व्यवस्था, विपद् जोखिम न्यूनीकरण तालिम संचालन गरी विपद् पूर्वका तयारी तथा विपद् पश्चात गर्नु पर्ने काममा समेत उल्लेखीय कार्य गर्नु पर्ने कार्यहरु धेरै बाँकी भएको देखिन्छ। वातावरण संरक्षणको लागि वन संरक्षण तथा वन जंगल बढाउनु पर्ने गतिविधि संचालन जनचेतना मुलक कार्यक्रम, फोहर मैला व्यवस्थापन, ढल व्यवस्थापन जस्ता गतिविधि संचालनमा समेत अग्रसर भइ काम गर्नु पर्ने देखिएकोले बातावरण तथा विपद व्यवस्थापन सम्बाीध गतिविधि हरुलाइ निरन्तरता दिदै यो संग सम्बाीधत योजना तथा कार्यक्रमहरु आ.व. ०८२/०८३ मा समेत निरन्तरताको आवश्यकता छ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र :**

आ.व. ०८१/०८२ मा सेवा प्रवाह र सुशासनको क्षेत्रलाई व्यवस्थित गर्न स्थानीय कानुन निर्माणको थालनी गरिएको र १९ वटा राजपत्र समेत प्रकाशन गरिएको छ। थप कानुनका मस्यौदाहरु तयार गरी थप कानुनहरु निर्माण गरी सेवाग्राहीको चाहाना अनुरुप सेवा प्रदान गर्न

आ.व.०८२/०८३ मा कानुन निर्माण गरी कार्यान्वयन, मानव संसाधन, भौतिक साधन, सूचना प्रविधि आदिको उपयोग गरी संस्थागत विकास, सेवा प्रवाह र सुशासन प्रवर्द्धन गर्नुपर्ने आवश्कता देखिएको छ ।

**सभाध्यक्षज्यू एवं सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले आम नगरवासीको रोजगार, जनजीविकामा सहजता एवं आर्थिक समवृद्धिका साथै सामाजिका विकासका लागि सामाजिक न्याय सहितको सुशासन, पारदर्शि तथा दिगो विकास, आम गाउँबासीको सम्मान, सम्वृद्धि तथा ज्ञान सिप सहित आरोग्य जीवन सहित गाउँको गौरव र श्रेष्ठता हासिल गर्न मद्दत पुग्ने गहिरो अपेक्षा एवं दृढ विश्वासका साथ आगामि आ.व. २०८२/०८३ को लागि निम्नानुसारको प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :

***१. आर्थिक क्षेत्र :***

**क. कृषि क्षेत्र :**

- कृषि, पशुपन्छी र मत्स्यक्षेत्रको प्रवर्द्धनका लागि यस गाउँपालिका क्षेत्रभित्र कृषि उत्कृष्टता केन्द्र स्थापना गर्न मधेश प्रदेश सरकारको समन्वयमा पालिका स्तरबाट आवश्यक कार्य अगाडि बढाइनेछ ।
- निर्वाहमूखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तथा आर्गेनिक कृषि प्रणाली तर्फ उन्मूख गरिँदै लगिने छ ।
- किसान सूचिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- पालिका भित्रका कृषकहरुको कृषि मिटर महसुल पालिका शत प्रतिशत अनुदानको रुपमा चालु आर्थिक वर्षमा भुक्तानी भए जस्तै आगामी आ.व. मा समेत निरन्तरता दिइने छ । र स्मार्ट कृषि मिटर जडान कार्यलाई विस्तार गरिनेछ ।
- पालिका क्षेत्रभित्र सुख्खा क्षेत्रको अन्त्य गर्न आगामि आ.व.मा यस पालिका क्षेत्रभित्र रहेको जलको श्रोत पत्ता लगाइ सोको संरक्षण र समुचित उपयोग गर्न आवश्यक विद्युतिकरण, वृक्षारोपण, पोखरी निर्माण, मर्मत र संरक्षण गरी पालिकाक्षेत्र भिरी सिंचाईको व्यवस्था गरिने छ ।
- कृषि व्यवसायलाई जीवनको आधार निर्माण गर्नको लागि बेमौसमी खेती, पकेट क्षेत्र, निर्माण तथा कृषि व्यवसायलाई प्रवर्द्धन गर्नका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनासंग सहकार्य एवं समन्वय गरिने छ ।
- स्वस्थकर मासु खान पाउँने उपभोक्ताको अधिकारको संरक्षण गर्नको लागी मासु व्यवसायलाई व्यवस्थित गर्नको लागि बजार लाग्ने क्षेत्र हरुमा व्यवस्थित पशु बधशाला निर्माण तथा सञ्चालन गर्न त्यसमा संलग्न उद्यमी लाई सक्रिय गरिनेछ । त्यसकोलागि आवश्यक रकम प्रोत्साहन स्वरुप अनुदान व्यवस्था गरिनेछ ।
- कृषि बस्तुको बजारीकरण गर्नको लागि गोदाम घर र चिस्यान केन्द्र निर्माण गर्न नेपाल सरकारले विभिन्न आ.व.मा ल्याएको बजेटको नीति अनुरुप यस गा.पा. मा आवश्यक गोदाम घर निर्माणको लागि आवश्यक प्रकिया पुरा गरि नेपाल सरकार सँग गोदाम घर तथा चिस्यान केन्द्र माग गरि निर्माणको प्रकिया अगाडि बढाइने छ ।
- दुर्गा भगवती गाँउपालिकाका उत्कृष्ठ किसान तथा कृषि फर्म , कृषि सहकारी , कृषि समुहका सदस्यहरुलाई कृषि भ्रमण कार्यकममा लैजाने नीति लिइने छ ।
- एक गाउँ एक उत्पादन कार्यकम सञ्चालन गरिने छ ।
- माछा पालन पोखरीहरुको संरक्षण तथा मर्मतको लागि अनुदानको व्यवस्थापन गरिने छ ।

- कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम सञ्चालन गरिने छ ।
- पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरी कृषकले पालेका पशुपन्छीको संरक्षण गरिने छ ।
- सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुरक्षाको लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

## ख. उद्योग वाणिज्य क्षेत्र :

- आगामि आ.व. देखि उद्योग व्यवसाय तथा पसलहरु गाँउ कार्यपालिकामा नै दर्ता तथा नवीकरण गर्ने व्यवस्था गरी व्यवसायी तथा उद्यमीहरुलाई पालिकाबाटै सेवा प्रदान गर्ने व्यवस्थ मिलाइनेछ ।
- युवा, विपन्न, एकल महिला र दलित महिलाहरुका लागि लघु, घरेलु उद्यमशिलता तालिम, गोष्ठी, सेमिनार आयोजना गरिनेछ ।
- जिविकोपार्जन सुधार गर्न विभिन्न विकास साझेदार संघसंस्थाहरुसँग समन्वय र सहकार्य गरी उद्यमशील कार्यक्रम सञ्चालन गरिने छ ।
- गरिवि निवारणका लागि लधु उद्यम विकास कार्यक्रम (MEDPA) संचालन मार्फत उद्यमीको स्तरोन्नती गर्न आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिने छ ।
- गाँउपालिका क्षेत्रभित्रको उपयुक्त स्थानलाई गाउँ औद्योगिक क्षेत्र घोषणगरी उद्योग स्थापनामा जोड दिने छ ।
- गाउँपालिका क्षेत्रभित्र १५ जना भन्दा बढीलाई रोजगार दिने उद्योग स्थापना गर्नेलाई गाउँपालिकाबाट अनुदान, कर छुटको व्यवस्था गरिनेछ ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरणको कार्यक्रम गरिने छ ।

## ग. पर्यटन क्षेत्र :

- दुर्गा भगवती गाँउपालिका क्षेत्रभित्रका पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरु मत्सरी तथा पिपराको दुर्गा भगवती मन्दिर लगायत अन्य मन्दीरहरुमा आवश्यक पुर्वाधार निर्माण गरी साँस्कृतिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- गाँउ क्षेत्रभित्रका मठ, मन्दिर, मस्जीदहरुलाई संरक्षण, सम्वर्द्धन तथा मर्मत सम्भार गरी धार्मिक तथा साँस्कृतिक पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
- पालिका सिमाक्षेत्रभित्रको बागमतीको किनारलाई नदी कटानबाट सुरक्षित गरी “बागमती रिभर साइड पर्यटकीय स्थल” को रुपमा विकास गर्ने ।
- पालिका भित्रका विभिन्न स्थानहरुमा भिलेज पर्क, शहिद स्मृति पार्क निर्माण गरिनेछ ।

## घ. रोजागर प्रवर्द्धन, गरिबी न्यूनिकरण तथा सहकारी :

- “टोल टोलमा सहकारी, घर घरमा रोजगारी” भन्ने लक्ष्यका साथ पहिले दर्ता भएका सहकारीहरुलाई अद्यावधिक गर्ने र थप कृषि सहकारी, श्रमिक सहकारी, महिला सहकारी संस्था दर्ता अभियान सञ्चालन गरी कम्तिमा एक वडा एक कृषि सहकारी

गठन गर्न वडाहरुमा सचेतना जागृत गर्ने र साना किसानहरुलाई अनिवार्य रुपमा सहकारीमा आवद्ध गर्ने नीति लिइनेछ ।

- ❖ सहकारी खेती, सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गरिने नीति लिइने छ ।
- ❖ सहकारी संस्थाहरुको आर्थिक सामाजिक सक्रियता लाई हेरि आवश्यक भौतिक सामग्रीहरुमा अनुदान दिई सहकारीलाई आर्थिक विकासमा संलग्न गराईनेछ ।
- ❖ गरिबी न्यूनिकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ दलित तथा अति विपन्न घरपरिवारमा उठ्ने विद्युत चार्ज निःशुल्क हुने गरी अनुदानको व्यवस्था गरिनेछ ।
- ❖ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा राजगारी सम्बन्धी अभिमुखिकरण तथा सूचना प्रवाह कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि क्रियाकलाप सञ्चालन गरिनेछ ।
- ❖ रोजगार संवाद मञ्चको सञ्चालन गरिने छ ।
- ❖ आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशिलता पवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ दलित, अति विपन्न, गरिब, बिरामी तथा दैविक प्रकोपबाट पिडितहरुलाई आर्थिक सहयोगको लागि निरन्तरता गरिनेछ ।

**ङ. वित्तिय क्षेत्र :**

- ❖ करदाताहरुको सुविधालाई मध्यनजर गर्दै गाँउ कार्यपालिकामा राजश्व शाखा स्थापना गरी कम्प्युटर विलिङ्ग प्रणाली लागू गर्दै सबै वडा कार्यालयहरुको राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन कम्प्युटर विलिङ्ग प्रणाली लागू गरिदै लगिनेछ ।
- ❖ गाउँपालिकाको वित्तिय क्षेत्र सुधारका लागी जनसहभागितालाई प्रवर्द्धन गरी जवाफदेहिता र पारदर्शिता कायम गरिनेछ ।

***<u>२. सामाजिक क्षेत्र :</u>***

**क. शिक्षा :**

- ❖ सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा स्तर उन्नतीको लागि विकास साझेदारीसँग समन्वय गरी श्रोतको व्यवस्थापन गरिने छ ।
- ❖ पालिकाका सबै विद्यालयहरुमा स्रोत साझेदारी गरी पुस्तकालय तथा विज्ञान प्रयोशाला स्थापना गर्ने नीति अवलम्वन गरिने छ ।
- ❖ पालिका बासीहरुलाई सुसूचित गर्नको लागि पालिका सूचना केन्द्र तथा दुर्गा भगवती सामुदायिक पुस्तकालयको स्थापना गरिने छ ।
- ❖ साक्षर दुर्गा भगवतीपालिका घोषणा गर्नको लागि सामुदायिक अध्ययन केन्द्रहरुलाई सक्रिय बनाउनुका साथै निरन्तर शिक्षाको अवसर तथा शैक्षिक पहुँचको सुनिश्चितता, अनौपचारिक शिक्षा कार्यक्रम तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ दुर्गा भगवती पालिका भित्र रहेका स्रोत केन्द्रलाई शैाषिक सूचना केन्द्रको रुपमा विकास गरिने नीति लिइने छ ।
- ❖ विद्यालयहरुको शौक्षिक क्षेत्र सुधारका लागी अनुदानको व्यवस्था मिलाईने छ ।

- ❖ सामुदायिक विद्यालयहरुबाट एस.ई.ई. परिक्षामा उच्चतम् नतिजा हासिल गर्ने छात्राहरुलाई कक्षा ११ र १२ अध्ययन गर्न प्रोत्साहन गरिनेछ। कक्षा १२ मा उच्चतम् नतिजा प्राप्त गर्ने गरीब तथा दलित छात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ।
- ❖ संघीय सरकारको बजेट अन्तर्गत पालिकाबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि प्रदान गरिदै आएको निशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ।
- ❖ विद्यालय भर्ना अभियनलाई प्रभावकारी बनाईने छ।
- ❖ आधारभूत तह तथा माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा कानुन बमाजिम बाहेकको शुल्क लिन नपाउने व्यवस्था गरिनेछ। गाउँपालिकाले कक्षा १२ सम्मका विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- ❖ विद्यालय क्षेत्र र सोको वरपर धुम्रपान, सुर्तीजन्य पदार्थ र मादक पदार्थ विक्री वितरण र सेवन निषेध गरिनेछ।
- ❖ विद्यालय भवन निर्माणको लागि आवश्यक जग्गाको व्यवस्था गरिनेछ।
- ❖ सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याडको व्यवस्थालाई निन्तरता दिइने छ।
- ❖ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण, मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाइने छ।
- ❖ कक्षा ६ देखि १२ मा अध्ययनरत विद्यार्थीकालागि विपन्न लक्षित छात्रवृत्तिको व्यवस्था गरिने छ।
- ❖ संघीय सरकार र पालिकाको साझेदारीमा विद्यालयको भौतिक निर्माण योजना सञ्चालन गरिने छ।
- ❖ सामुदायिक विद्यालय र साझेदारी शिक्षालयमा प्राविधिक शिक्षा सञ्चालन गरिने छ।

ख. स्वास्थ्य :

- ❖ प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा गाउँ घर किलिनिक नभएको वडाहरुमा स्वास्थ्य संस्थाको स्थापना गर्ने र भैरहेका स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाइ व्यवस्थापन तथा सञ्चालन प्रकियामा सुधार गरिँदै लगिने छ।
- ❖ पालिका क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरुलाई आफ्नो स्वास्थ्य प्रति सचेतना जगाउँदै "म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य" भन्ने नाराका साथ घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ समुदाय स्तरमा नसर्ने रोग सम्बन्धी स्किनिङ्ग तथा जनचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्माहत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ यस पालिका क्षेत्रभित्र क्षयरोगका जोखिम समूह तथा स्वास्थ्य सेवाको पहूच कम भएका समुदायमा सक्रिय क्षयरोग खोजपडताल कार्यक्रम र पि.वि.सि बिरामीका घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण कार्यक्रम सञ्चालन गरिने छ।
- ❖ प्रजनन् रुग्णता स्वास्थ्य सेवा तथा परिवार नियोजन सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा तथा पोषण कार्यक्रम प्रभावकारी बनाइने छ।

- ❖ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ डेंगी, जापानिज इन्सेफ्लाइटिस लगायतका किटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजी गरी लार्भा नष्ट गर्ने, विद्यालय शिक्षा कार्यक्रम, सामुदायिक परिचालन तथा सरोकारवालाहरुको अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ स्वास्थ्य चौकीहरुमा क्रमश प्रयोगशाला स्थापना गरीदै लगिने छ ।
- ❖ पालिकाको हरेक स्वास्थ्य चौकीहरुमा प्रसुती गृह निर्माण गरिदै लगिने र प्रसुती गृह भएको स्वास्थ्य चौकीलाई थप सुविधा सम्पन्न बनाइने छ ।
- ❖ स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने अत्याश्यक औषधीहरुको प्रकार तथा संख्यामा क्रमश वृद्धि गर्दै जाने र वितरण गर्ने औषधीको दुरुपयोग नियन्त्रणको विशेष व्यवस्था मिलाईने छ ।
- ❖ महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई दिइदै आएको प्रोत्साहन भत्ताको व्यवस्था गर्नको लागि रकमको व्यवस्था मिलाई त्यसलाई नियमितता दिइनेछ ।
- ❖ महिला स्वास्थ्य स्वयं सेविकाहरुको क्षमता अभिवृद्धि गरी उनीहरुले प्रदान गर्ने सेवालाई थप गुणस्तरीय बनाइने छ ।
- ❖ स्वास्थ्य संस्था स्थपनाकोलागि जग्गा व्यवस्थापन गरिनेछ ।
- ❖ आयुर्वेद सेवा कार्यक्रम प्रभावकारी बनाइनेछ ।
- ❖ आयुर्वेद चिकित्सा प्रणालीको प्रभावकारी विकास गरिँदै लगिने छ ।
- ❖ "योग गरौँ निरोगी बनौं" भन्ने लक्ष्यका साथ सबै वडामा योग शिविर सञ्चालन गरिने तथा पालिका स्तरमा एक योग साधना केन्द्र सञ्चालन गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।
- ❖ प्रत्येक वडामा एक एक वटा नागरिक आरोग्य केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- ❖ मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यन्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधि उपचार खर्च वापत मासिक रु. ५ हजार उपलब्ध गराइने छ ।

**ग. खानेपानी तथा सरसफाई क्षेत्र :**

- ❖ फोहोरमैला व्यवस्थापनको लागी गाउँकार्यपालिका आफैँ वा अन्य स्थानीय तहसँगको सहकार्यमा दिगो लैन्ड फिल्ड साईड को व्यवस्थापन गरिने छ ।
- ❖ दुर्गा भगवती गा.पा. लाई खुल्ला दिशा मुक्त घोषणा भईसकेको हुदाँ जनसंख्याको बढ्दो चापको अवस्थामा छुट्टिएर बस्ने नयाँ तथा गरिब दलित विपन्न परिवारहरुलाई सौचालय निर्माण तथा त्यसको सरसफाईको व्यवस्थापन गरिनेछ ।
- ❖ दुर्गा भगवति गा.पा. अन्तरगतका सार्वजनिक स्थलहरुमा शुद्ध पिउने पानी र सार्वजनिक शौचालयहरुको व्यवस्था गरिनेछ ।
- ❖ स्वच्छ एवम् आधारभुत गुणस्तरीय खानेपानीको दिगो हैण्डपाइप जडान, खानेपानी ट्यांकी निर्माण भएकोमा सञ्चालन गरि थप व्यवस्थित गरिनेछ ।
- ❖ **स्वस्थ जीवनको लक्ष्य, स्वच्छ पिउने पानीको व्यवस्था** भन्ने लक्ष्यका साथ गाउँपालिका स्तरीय खानेपानी आयोजन गौरवको योजनाको रुपमा अगाडि बढाइनेछ ।

- ❖ पालिका क्षेत्र  भित्र का खानेपानीका श्रोतहरुको संरक्षण तथा व्यवस्थापनमा विशेष जोड दिईने छ ।
- ❖ सडकको किनारमा गाई बस्तु बाँध्न, गोबर, घाँस पराल, दाउरा राख्न  निरुत्साहीत गरिनेछ ।

**घ. संस्कृति प्रवर्द्धन क्षेत्र :**

- ❖ गाँउपालिका क्षेत्रभित्र परम्परा देखि सञ्चालन हुँदै आएको मौलिक कला, संस्कृति, भाषाहरुको संरक्षण र सम्वर्द्धन गरिदै लगिने छ ।
- ❖ गाउपालिका क्षेत्रभित्रका धार्मिक तथा सांस्कृतिक दृषटिकोणले महत्वपूर्ण मानिएका चिज वस्तुहरु संरक्षण र सम्वर्द्धनका लागी आगामी दिनमा दुर्गाभगवती स्थानीय सांस्कृतिक संग्रहालयको स्थापना गरिनेछ ।
- ❖ परम्परा देखि सञ्चालन हुँदै आएको मौलिक चाड पर्वहरु विजयादशमी, दिपावली, छट पर्व, सरस्वती पुजा, मेला जात्राहरुलाई संरक्षण गरिने छ ।

**ङ. खेलकुद तथा मनोरन्जन क्षेत्र :**

- ❖ **"स्वास्थ्यको लागी खेलकुद, राष्ट्रको लागी खेलकुद"** भन्ने लक्ष्यलाई मूर्त रुप दिन खेलकुद विकास समिति गठन गरी खेलकुद विकास कार्यक्रमलाई प्रभावकारी बनाउँदै लगिने छ ।
- ❖ मेला जात्रा लगाउने, पार्क, वनभोज स्थल, पौडी पोखरीको व्यवस्था, जेष्ठ नगरिका मनोरंजन केन्द्र आदी संचालन गरिने छ ।
- ❖ स्थानीय खेलकुदको विकास, संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- ❖ **"खेलाडीके साथ गाउँ अध्यक्ष"** नाराका साथ **गाउँ अध्यक्ष कप** खेलकुद प्रतियोगिता आयोजनालाई निरन्तरता दिइने छ ।

**च. लैंगिक समानता तथा सामाजिक समावेशीकरण :**

- ❖ स्थानीय तहको आवधिक र वार्षिक योजनामा लैंगिक मुलप्रवाहीकरण एवं सामाजिक समावेशीकरणलाई संस्थागत गरिने छ ।
- ❖ लैंगिक समानता तथा समावेशीकरणको लक्ष्यलाई स्थानीय तहको संरचना र कार्य योजनामा समावेश गरिनेछ ।
- ❖ लैंगिक हिंसाविरुद्ध शुन्य सहनशीलताको नीति अख्तियार गर्दै लैंगिक समानता सम्बन्धी सचेतनामूलक अभियान संचालन गर्ने व्यवस्था मिलाईने छ ।

**छ. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक :**

- ❖ बालविवाह न्यूनिकरण गर्न तथ्य र तथ्यांकमा आधारित सामाजिक व्यवहार परिवर्तनका लागि लक्षित समुह कियाकलापहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा निरन्तरता दिईनेछ ।
- ❖ गाउँपालिकाले २० वर्ष पछि छोराछोरीको विवाह गराउने परिवारलाई विद्युत र खानेपानीमा मासिक रुपमा निश्चित रकम अनुदान तथा छुट दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- ❖ बीस वर्षपछि छोरीको विवाह गर्ने परिवारलाई पुरस्कार तथा सम्मान समाहरोह आयोजना गरिने छ ।
- ❖ जेष्ठ नागरिक तथा बाल उद्यान व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।

- ❖ मानव विकास सुचांकमा पछाडि परेका महिला सशक्तिकरणकोलागि जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने ।

## ३. पूर्वाधार क्षेत्र :

### क. स्थानीय सडक, पुल, तथा झोलुङ्गे पुल :

- ❖ सडक अतिक्रमण गरी निर्माण गरिएका स्थायी तथा अस्थायी संरचनाहरु हटाईने छ ।
- ❖ सडक सिमा तथा सेट व्याक सम्बन्धी नीति निर्माण गरी आ.व. २०८२।०८३ मा लागु गरिने छ ।
- ❖ सडक मापदण्ड स्वीकृत गरी लागू गरिनेछ ।
- ❖ कालो पत्रे सडक तथा ढलान सडक निर्माणमा विशेष जोड दिईने र माटो ग्रेभल सडक निर्माण लाई निरुत्साहीत गरिने छ तर नयाँ कृषि सडकहरु आवश्यकता बमोजिम निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- ❖ गाउँपालिका क्षेत्रभित्र रताकमाला घाट ट्रस पुल, अमरधुराघाट झोलुंगे पुल, छत्तउना छाती घाट झोलुंगे पुल र डोरी खोला झोलुंगे पुल यसै आ.व. २०८२।०८३ मा निर्माण गरिने छ ।
- ❖ वडा नं. १ मा रहेको सडक स्तरोन्नती गरिने छ ।

### ख. सिंचाई :

- ❖ साना सिचाई, मझौला सिचाई, तथा बृहत सिचाई आयोजनाहरु बिकास साझेदारी , प्रदेश सरकार र केन्द्रीय सरकार संग साझेदारीमा संचालनमा ल्याईने छ ।
- ❖ सिचाईमा लगानि मैत्री वतावरण सृजना गर्नको लागी सहकार्य लाई जोड दिनुको साथै गाउँपालिकाबाट अनुदान दिने व्यवस्थाको लागी आ.व. २०८१।०८२ मा कार्य नीति बनाईने छ ।
- ❖ अहिले सम्म सतह सिंचाइ (नहर, कुलो सिंचाई) को सुविधा नपुगेको सुख्खा क्षेत्रमा सिंचाईको व्यवस्था गर्न विद्युतिकरण, पोखरी निर्माण, भूमिगत सिंचईको व्यवस्था गरिनेछ ।

### ग. भवन तथा सहरी विकास :

- ❖ गाँउ कार्यापालिकाको कार्यालय भवनको निर्माण कार्य सञ्चालन गरिने छ ।
- ❖ गाँउपालिका भित्र निर्माण गरिने घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई आ.व. ०८२/०८३ को भाद्रबाट नै कडाईका साथ कार्यान्वयन गरिने छ ।
- ❖ जग्गा एकिकरण आयोजना सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ ।
- ❖ भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई बस्ती विकास हुने क्षेत्र मा सडक ढल, खानेपानी, विद्युत जस्ता सुविधाहरुको वृद्धि गर्न स्रोत परिचालन गरिने छ ।
- ❖ अपाङ्ग मैत्री, बाल मैत्री, महिला मैत्री संरचना निर्माणमा जोड दिईने छ ।
- ❖ दुर्गा भगवती गाँउपालिकाको पायक पर्ने स्थानमा बस पार्क निर्माणको लागी आवश्यक जग्गा व्यवस्थापन गर्न आवश्यक प्रक्रिया प्रारम्भ गरिने छ ।
- ❖ आगामि आ.व.मा वडा नं. १ स्थित छठघाट र सूर्य मन्दिर परिसरमा पूर्वाधार स्तरोन्नती गरिने छ ।
- ❖ त्यसैगरी यसै गाउँपालिकमा रहेको दुर्गा भगवती मन्दीरको जिर्णोद्धार तथा पूर्वाधार निर्माण गरिनेछ ।

- ❖ वडा नं. १ देखि वडा नं. ५ सम्म दलित आवास कार्यक्रम आ.व.. २०८२।०८३ मा सञ्चालन गरिने छ ।
- ❖ वडा नं. ३ मत्सरीमा स्वास्थ्य चौकी भवन निर्माण गरिने छ ।
- ❖ यसै पालिका क्षेत्रभित्र सीमान्तकृत समुदायको लागि नमुना आवस भवन निर्माण गरिने छ ।

**घ. उर्जा , लघु तथा साना जल विद्युत तथा वैकीपक उर्जा :**

- ❖ दुर्गा भगवती गा.पा. क्षेत्रभित्र विद्युत नपुगेका वस्तीमा नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतीकरण कार्य आ.व. ०८२/०८३ भित्र  सम्पन्न गरिने छ ।
- ❖ दुर्गा भगवती गा.पा.मा सोलार उर्जा सम्बाधि काम चालु आ.व.मा समेत संचालन भएको तथा आगामी आ.व. मा समेत बाकी बजार क्षेत्र हरु तथा मठ मन्दीरहरुमा सौर्य सडक बत्ती व्यवस्थापनको कार्यलाई विकास साझेदारीहरुसंग सहकार्यगरी लागत सहभागीतामा अगाडि बढाईने छ ।
- ❖ घर घरबाट निस्कने धुँवालाई व्यवस्थापन गर्नको लागी सुधारीएको चुलो कार्यकम तथा वायो ग्याँस प्लान्ट निर्माण कार्यलाई लागत सहभागितामा सञ्चालन गरिने छ ।
- ❖ घर निर्माण सँगै सौर्य उर्जा जडान कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ गरिब तथा दलित परिवारलाई ग्याँस चूलो तथा ग्याँस सिलिण्डर वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**ङ. संचार :**

- ❖ गाउँपालिका कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रविधियुक्त बनाई सेवा प्रवाहलाई थप प्रभावकारी बनाईने छ ।
- ❖ एफ. एम. रेडियो तथा टेलिभिजन संचालन गर्न निजि क्षेत्र लाई प्रोत्साहन गरिने छ ।

### ४. वन तथा वन संरक्षण, वातावरण तथा विपद् व्यवस्थापन :

**क. वन तथा भुसंरक्षण :**

- ❖ पालिका भित्र नीजि तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ प्रत्येक विद्यालयको हाताभित्र  आवश्यक मात्रामा बृक्षारोपण गरिने छ ।
- ❖ नदि कटान लाई रोक्न वृक्षारोपण , तार जाली तथा विशेष प्रकारको घाँस लगाईने छ ।
- ❖ भुसंरक्षण गर्नका लागि एक कार्य योजना बनाई लागु गरिने छ ।

**ख. जलाधार संरक्षण :**

- ❖ पालिका भित्रका पोखरीहरुको संरक्षण गरी जिव प्राणीहरुको विनासलाई रोकिने प्रयास गरिने छ ।
- ❖ सिमसार क्षेत्रको संरक्षणको लागि उचित बजेट विनियोजन गरिनेछ

**ग. वातावरण संरक्षण तथा जलवायु परिवर्तन :**

- ❖ जलवायु परिवर्तनबाट गाँउमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै.स.स. तथा विकास साझेदारीसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तयार गरि कार्यान्वयनमा ल्याइने छ ।

- ❖ वातावरणमैत्री विकास पूर्वाधार निर्माण तथा वातावरण प्रदुषण न्यूनीकरणमा जोड दिइने छ ।
- ❖ सडक निर्माण गर्दा सडकको दुवै किनारा तर्फ वृक्षरोपण गर्ने नीति लिईनेछ तथा वातावरण व्यवस्थापन कार्यक्रम बनाई कार्यान्वयनमा ल्याईने छ ।
- ❖ अन्यावश्यक आगो बाल्ने, फोहोरलाई जलाउने प्रक्रियामा नियन्त्रण ल्याई फोहोर लाई मोहोरमा बदल्ने नीति लिई वातावरण तथा मानव स्वास्थ्यमा गम्भीर असर पुऱ्याउने र दैविक विपति निमत्याउने कार्यक्रमको परम्परालाई बन्द गरिदै लगिने छ ।
- ❖ गाउँ कार्यपालिका भरि प्लाष्टिकको झोला प्रयोगमा न्यूनिकरण गर्दै आगामी दिनमा यसको प्रयोगमा पूर्ण रुपमा प्रतिवन्ध लगाईने छ ।
- ❖ विकास निर्माणको कार्यक्रम संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरि विकासका गतिविधि संचालन गरिने छ ।

**घ. फोहरमैला तथा ढल व्यवस्थापन :**

- ❖ ढल निकासको उचित व्यवस्था मिलाईने छ ।
- ❖ गाउँपालिकालाई स्वच्छ र सफा राख्नको लागी एक कार्यनीति बनाई लागु गरिने छ ।
- ❖ वर्षातको पानी ढल निकास योजना सञ्चालन गरिने छ ।
- ❖ फोहरमैला व्यवस्थापनका लागी निजिक्षेत्र संग साझेदारी गरी फोहरमैला संकलन र बिसर्जन गर्ने नीति लिईने छ ।
- ❖ फोहरमैलालाई स्रोतमै सुन्य बनाउने अवधारण ल्याईने छ ।

**ङ. जल उत्पन्न तथा प्रकोप नियन्त्रण :**

- ❖ बाढी तथा डुवन नियन्त्रणका लागी एक कोष स्थापना गरी उक्त कोष मार्फत प्रकोप व्यवस्थापन गरिने छ ।
- ❖ बाढी तथा डुवान नियन्त्रणका लागी आवश्यक तटबन्ध निर्माण गर्न सम्बन्धित निकाय संग आवश्यक समन्वय गरिने छ ।
- ❖ दुर्गा भगवती गाउँपालिकामा जल उत्पन्न तथा प्रकोप नियन्त्रणका लागि सचेतना कार्यक्रम संचालन गर्नुका साथै पूर्व तयारीका कार्यहरु गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ गाँउपालिका, सुरक्षा निकाय तथा अन्य सेवा प्रदायक सरकारी एवं गैह्र सरकारी संघ संस्थाहरुसंगको समन्वयमा जल उत्पन्न तथा प्रकोप नियन्त्रण कार्यक्रमहरु गरिने छ ।

**च. विपत व्यवस्थापन :**

- ❖ विपद् व्यवस्थापनका लागी कोषमा निश्चित रकमको व्यवस्था गरिनेछ र थप गरिदै लगिने छ । उक्त कोषको परिचालन गरी विपद् न्युनीकरण गरिने छ ।
- ❖ विपद् व्यवस्थापनका लागी विभिन्न सचेतना मुलक तालिम , गोष्ठी संचालन गर्नुका साथै पूर्व तयारीका कार्यहरु गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ गाँउपालिका क्षेत्रभित्र हुन सक्ने विपद्हरुको व्यवस्थापन गर्नका लागि स्थानीय विपद् व्यवस्थापन योजना ( एल.डि.आर.एम.पि.) लागू गरिने छ ।
- ❖ गाउँपालिका विपद् व्यवस्थापन समिति गठन गरी विपद् व्यवस्थापनको कार्यमा जुनसुकै बेला पनि सक्रिय गराईने छ ।
- ❖ विपद्बाट हुने क्षतिको अनुगमन गरी उचित राहतको व्यवस्था मिलाईने छ ।

❖ सुख्खा क्षेत्रबाट प्रभावित कृषकहरुलाई संघीय सरकार तथा प्रदेश सरकार सँगको समन्वयमा विशेष राहतको व्यवस्था गरिने छ ।

## ***५. संस्थागत विकास , सेवा प्रवाह र सुशासन :***

### क. सामान्य सेवा :

❖ गाँउपालिका तथा प्रत्येक वडा कार्यालयबाट सामान्य सेवा प्रवाहको सहजताको लागि नागरिक सहायता कक्ष (हेल्प डेस्क) स्थापना गरिनेछ ।

❖ सामान्य सेवा प्रवाहलाई सरलिकरण गरिदै लगिने छ ।

❖ दुर्गा भगवती गाउँपालिकाको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्दा पारर्शिता, जवाफदेहिता, मितव्ययी, नियम संगत र सहभागितामूलक प्रक्रिया अवलम्वन गरिने छ । यसका लागी आवश्यक सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकीकरण, सार्वजनिक तथा सामाजिक लेखा परिक्षण तथा चौमासिक समिक्षा आदि विधिहरु अपनाईने छ ।

❖ न्यायिक समितिबाट सम्पादन हुने कार्यलाई व्यवस्थित बनाइनेछ ।

### ख. सुरक्षा व्यवस्थापन :

❖ पालिका भित्रका सुरक्षा निकाय सँग सम्बन्धित कार्यालयहरुको स्तरोन्नति गर्नका लागी केन्द्रीय सरकार संग समन्वय गरिने छ ।

❖ दुर्गा भगवती गाँउपालिकाको सुरक्षा व्यवस्थाका लागी आवश्यकता अनुसार नगर प्रहरीको व्यवस्था गरिने छ ।

❖ गाँउपालिकाको सुरक्षाको लागी भिडभाड हुने क्षेत्र मा प्रहरी पोष्ट तथा बिटको स्थापना को लागि आवश्यक पहल गरिने छ ।

### ग. सुचना प्रविधि :

❖ दुर्गाभगवती गाँउपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सञ्चालन गरिने विभिन्न क्रियाकलापहरु, नीति, ऐन, नियमहरु, कार्यविधि, कार्यादेश, आदेश, निर्देशिका, सूचना तथा आयोजनाको विवरण गाँउपालिकाको वेवसाईटमा वर्गिकृत रुपमा राखिने छ ।

❖ गाँउपालिकाले आफ्नो गतिविधिलाई समेटेर तयार पारिने विषयवस्तुहरु स्थानीय एफ. एम. रेडियोमा प्रसारण गरिनुका साथै स्थानीय पत्रपत्रिकाहरुमा समेत प्रकाशन गरिने छ ।

❖ गाउँपालिका तथा सबै वडा कार्यालयहरुवाट इन्टरनेट सेवा मार्फत सेवा प्रवाहमा थप स्तर उन्नति गरिने छ ।

❖ गाउँपालिकाबाट सेवा प्रवाह गर्दा सूचना प्रविधिका प्रयोगद्वारा कागजी कामलाई प्रतिस्थापन गरिदै लगिने छ ।

❖ सूचना प्रविधिमा सबैको सहज पहुँच पुऱ्याउन विभिन्न कर्मचारी तथा जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिने छ ।

❖ गाँउपालिकाको सूचना, चेतनामूलक सन्देश, विभिन्न गतिविधिहरु डिजिटल डिसप्ले टि.भी. तथा मोवाएल एप्सबाट प्रसारण गरिने व्यवस्था मिलाइदै, पालिका प्रोफाइल तयार गरी दुर्गा भगवती गाउँपालिका अन्तर्गतका कार्यालय तथा शाखा, उपशाखा,

इकाइहरुको सम्पूर्ण कार्यहरुको संरक्षण तथा सुरक्षाका लागि सर्भर जडान गर्नुका साथै थप सुरक्षीत बनाइने छ ।

**घ. पन्जीकरण व्यवस्थापन :**

- ❖ गाँउपालिका तथा वडा कार्यालयहरुमा पञ्जीकरण शाखाको व्यवस्थापन तथा घटना दर्ता कार्यलाई थप व्यवस्थित तथा थप सुदृढ गरिने छ ।
- ❖ अनलाइन बाट भइरहेको घटनादर्ता लाई आ.व. ०८२।०८३ मा थप व्यवस्थित गरिदै लगिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न बैंक मार्फत भत्ता वितरण गर्ने कार्य सबै वडामा अनिवार्य रुपमा लागु भइसकेकोमा सामाजिक सुरक्षा भत्ता सम्बन्धित सेवाग्राहीको हातमा समयमै सहजै पुग्न समयमै निकाशा लगायतको प्रकियागत जटिलता लाई न्यूनिकरण गरिने कार्यलाई निरन्तरता दिइने छ ।
- ❖ घटना दर्ता सम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

**ङ. स्थानीय तथ्याङ संकलन तथा अभिलेख व्यवस्थापन :**

- ❖ गाँउपालिकाको तथ्याकं अभिलेख व्यवस्थापन सूचना केन्द्रमा गरिने छ ।
- ❖ प्रत्येक वडा कार्यालयहरुमा अभिलेख व्यवस्थापनलाई व्यवस्थित गरिने छ ।
- ❖ तथ्याङ्क संकलन सम्बन्धी कानून बनाई लागू गरिने छ ।
- ❖ गाँउपालिका प्रोफाइललाई हरेक वर्ष अद्यावधिक गरिं तथ्याङ्क अद्यावधिक गरिने छ ।

**च. सुशासन पवर्द्धन तथा कर्मचारी व्यवस्थापन :**

- ❖ गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दि संरचना बमोजिम, गाउँ कार्यपालिकाको कार्यालयमा, विषयगत शाखा र वडा कार्यालयमा संघ बाट खटिएका, समायोजन भई आएका र स्थानिय तहमा साविकमा कार्यरत कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न अतिरिक्त काम गरेवापत कानून बमोजिम थप भत्ताको व्यवस्था मिलाइनेछ ।
- ❖ सेवाग्राहीलाई सुशासनको प्रत्याभुति दिन गाउँपालिका, विषयगत शाखा, वडा कार्यालयहरुमा नागरिक वडापत्र लाई समय सापेक्ष संसोधन गरि सो बमोजिम प्रभावकारी सेवा प्रदान गरिने छ
- ❖ निर्वाचित जनप्रतिनिधिहरुले गाउँपालिका पदाधिकारीहरुको आचारसंहिता २०७४ को परिपालना गर्दै प्रचलित कानुन तथा गाउँ कार्यपालिका तथा गाउँ सभाले पारित गरेको नीति, ऐन, नियमको अधिनमा रहि जनतालाई सर्वसुलभ सेवा प्रदान गरिंदै लगिने छ ।
- ❖ स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदर्शी तथा सुशासन युक्त स्थानीय शासनको प्रत्याभुति गरिंदै लगिने छ ।

***७. विविध :***

- ❖ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ अनुसार बालमैत्री गाउँपालिका स्थापना गर्ने तथा  बालश्रम उन्मुलन कार्यक्रम अगाडी बढाईने छ ।

- ❖ महिला अधिकार, महिला सशक्तिकरण, घरेलु हिंसा, एच.आइ.भि.एडस्, महिला स्वास्थ्य आदि बारे जनचेतना अभिवृद्धि गरिने छ। सो कार्यको लागी गैह्र सरकारी संघ संस्थाहरुसँग सहकार्य गरी एकद्वार प्रणालीबाट कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।
- ❖ सामाजिक विकृतिका रुपमा रहेका जातीय छुवाछुत, दाइजो (दहेज) प्रथा, बाल विवाह जस्ता सामाजिक कुसंस्कारहरुको न्यूनीकरण गर्नको लागि जनचेतना अभिवृद्धि गरिदै लगिने छ।
- ❖ उपभोक्ता समितिबाट सञ्चालन हुने सबै आयोजनाहरुमा अनिवार्य रुपमा कम्तीमा १०% लागत सहभागीता गरिने छ।
- ❖ गरिबी न्यूनीकरणमा सहयोग पुग्ने स्वरोजगार सिर्जना हुने, रोजगारीका अवसरहरु बढ्ने, उत्पादनमूलक पुर्वाधारको विकास निर्माणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्न निजी, सरकारी तथा गैह्रसरकारी क्षेत्र र अन्य विकास साझेदारीसँग सहकार्य गरिने छ।

अन्त्यमा आजको यस नवौं बजेट अधिवेशनको गरिमामय बैठकमा उपस्थित भइ बैठकमा सम्वोधन गर्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, गाउँ सभाका सदस्यज्यूहरु, पत्रकार मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई पुनः एक पटक हृदयदेखि नै हार्दिक आभार प्रकट गर्दछु।
धन्यवाद !
२०८२ साल श्रावण १६ गते।

**स्वीकृत मिति २०८२।०४।२७**